फोन नं.:- ०५७-५२०४९५
फ्याक्स नं.:- ०५७-५२३८२२
ईमेल:- daomakawanpur@gmail.com
फेसबुक पेज:-www.facebook.com/daomakawanpur
वेब साइट:-http://daomakawanpur.moha.gov.np

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मकवानपुर

पत्र संख्याः-स्था.प्र.०७७/७८
च.नं.:- २४२

मितिः-२०७७/०५/३१

**विषयः-नामावली पठाइदिने सम्बन्धमा ।**

**श्री जिल्ला समन्वय समितिको कार्यालय, हेटौंडा, मकवानपुर ।**

**श्री मकवानपुर जिल्ला स्थित उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाहरु सबै ।**

**श्री मकवानपुर जिल्ला स्थित जिल्लास्तरिय सरकारी कार्यालयहरु सबै ।**

प्रस्तुत बिषयमा निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन निर्वाचन, २००, निर्वाचन अधिकृतको कार्यालय, काठमाडौंको च.नं.४७, मिति २०७७/०५/२९ गतेको पत्रबाट मतदाता नामावली सम्बन्धमा बिषयक पत्र साथ प्राप्त मतदाता नामावली संकलन फाराम यसै साथ संलग्न गरी पठाइएको छ । उक्त संलग्न फाराममा का.स.देखि शा.अ.सम्मको विवरण भरी २०७७/६/२ गतेभित्र जिल्ला सरकारी वकील कार्यालय, मकवानपुरको ईमेल ठेगाना ag.dmakwanpur@gmail.com मा पठाई सोको जानकारी यस कार्यालयको ईमेल ठेगाना daomakawanpur@gmail.com मा पनि पठाई दिनु हुन आदेशानुसार अनुरोध छ ।

सम्पर्कः-
खडिन्द्रराज कटुवाल -९८५५०३०५४० (निर्वाचन अधिकृत)
नेत्र प्रसाद आचार्य -९८४५४५६०१९ (ना.सु.)

२०७७/०५/३१
नव चन्द्र गर्तौला
प्रमुख जिल्ला अधिकारी

**बोधार्थः-**
श्री निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड यूनियन निर्वाचन, २०७७
निर्वाचन अधिकृतको कार्यालय, काठमाडौं ।

# निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड यूनियन निर्वाचन २०७७

............................ विभागस्तर/जिल्लास्तर निर्वाचन कार्यालय

## मतदाता नामावली संकलन फाराम

| क्र.सं. | संकेत नं. | कर्मचारीको नाम थर | पद | श्रेणी/तह | कार्यरत कार्यालयको नाम | कार्यालयको ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |
| ५. | | | | | | | |
| ६. | | | | | | | |
| ७. | | | | | | | |
| ८. | | | | | | | |
| ९. | | | | | | | |
| १०. | | | | | | | |

| | | |
|---|---|---|
| ................. | ................. | .................. |
| तयार गर्ने | पेश गर्ने | प्रमाणित गर्ने |

**नोटः**

- मतदाताको विवरण तयार गर्दा Excel file मा माथिको ढाँचा अनुसार तयार गर्नु पर्नेछ।
- विवरण तयार गर्दा युनिकोडको Kalimati (कालिमाटी) font तथा साइज 11pt (११) बनाउनु पर्नेछ।
- विवरण तयार गरी प्रमाणित प्रति स्क्यान गरी र excel file समेत अनिवार्य रुपमा यस कार्यालयको इमेल info@tue.gov.np मार्फत पठाउनु पर्नेछ।
- विवरण तयार गर्दा कुनै द्विविधा उत्पन्न भएमा यस कार्यालयका शाखा अधिकृत श्री भेषराज घिमिरेलाई सम्पर्क गर्न सकिनेछ। (सम्पर्क नं: ९८५११३५३६३)

नेपाल सरकार

निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड यूनियन निर्वाचन २०७७

# प्रमुख निर्वाचन अधिकृतको कार्यालय

सिंहदरबार, काठमाण्डौ

प.सं.: २०७७/०७८ मिति: २०७७/०५/२९

च.नं.: ४६

विषय : मतदाता नामावली सम्बन्धमा।

श्री सबै निर्वाचन अधिकृतहरु,

प्रस्तुत विषयमा निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन निर्वाचन, २०७७ को प्रयोजनको लागि मतदाताका सम्बन्धमा यस कार्यालयबाट मिति २०७७/०५/२९ मा देहाय बमोजिम निर्णय भएकोले सोही बमोजिम गर्नु/गराउनुहुन अनुरोध छ। साथै यस कार्यालयबाट तोकिएको ढाँचामा मिति २०७७/०६/०३ गते भित्र पछिसम्म फरक नपर्ने गरी मतदाता नामावली तयार गरी यस कार्यालयको इमेल (info@tue.gov.np) मा प्राप्त हुनेगरी पठाइदिनुहुन अनुरोध छ।

१. निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० बमोजिम नियुक्ति भई कार्यरत कर्मचारीहरु नै संघ, प्रदेश तथा स्थानीय तहमा समायोजन भएका, कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश तथा स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुको सेवा, शर्त र सुविधा सम्बन्धी कानून हालसम्म नबनेको र कर्मचारी समायोजन ऐन, २०७५ को दफा १५(२) मा "यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी कानून नबनेसम्मको लागि यस ऐन बमोजिम समायोजन हुने कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्थाहरू समायोजन हुनु पूर्वको सेवा, शर्त र सुविधा बमोजिम नै हुनेछ" भन्ने कानूनी व्यवस्था समेतलाई दृष्टिगत गर्दा संघ, प्रदेश र स्थानीय तहमा समायोजन भएका श्रेणी विहिन देखि रा.प.तृतीय श्रेणी/तहगतमा आठौं तह (कार्यालय प्रमुख भएमा बाहेक) सम्मका सबै स्थायी निजामती सेवाका कर्मचारीहरु निजामती सेवा ऐन, २०४९ को दफा ५३(२)(क) अनुसार हुने गरी मतदाता हुने।

२. प्रदेश तथा स्थानीय तहले निजामती सेवा सम्बन्धी कानून जारी गरी ट्रेड यूनियन सम्बन्धी व्यवस्था गरेमा सोही बमोजिम हुने नै हुँदा प्रदेशमा अवस्थित मुख्यमन्त्री तथा म.प.को कार्यालय, सम्पूर्ण मन्त्रालय, प्रदेशसभा, प्रदेशस्तरीय विभाग, निर्देशनालय, कार्यालय लगायतका निकायमा कार्यरत निजामती कर्मचारीहरु सोही जिल्लाको मतदाता हुने।

३. कर्मचारी समायोजन ऐन, २०७५ पश्चात् लोकसेवा आयोगको विज्ञापन बमोजिम छनौट भई विभिन्न स्थानीय तहमा नियुक्त भई पदस्थापना भएका कर्मचारीहरु निजामती सेवा ऐन, २०४९ अनुसार नियुक्त भएको नदेखिदा निजहरु मतदाता हुन नपाउने।

२०७७/५/२५

पौड्याल

नेपाल सरकार

# निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड यूनियन निर्वाचन २०७७

# प्रमुख निर्वाचन अधिकृतको कार्यालय

सिंहदरबार, काठमाण्डौ

४. प्रदेश तथा स्थानीय तहमा समायोजन भई विविध कारणले केन्द्र तथा अन्य निकायमा काम गरिरहेका कर्मचारीहरु जुन जुन निकायमा कार्यरत रहेका छन्, सोही निकायको मतदाता हुने।

५. नेपालको विदेश स्थित निकायहरु (कुटनीतिक नियोग) मा कार्यरत निजामती कर्मचारीहरु नेपालमा आएको अवस्था भए सम्बन्धित विभागको मतदाता हुने।

६. अध्ययन, असाधारण, बेतलवी, प्रसुति लगायतका विदामा बसेका कर्मचारीहरु स्वदेशमा नै रहे/भएको अवस्थामा निजहरु आ-आफ्नो निकायको मतदाता हुने।

७. एउटै कर्मचारीले दोहोरो जिम्मेवारी हेरिरहेको भएमा दोहोरो मतदान गर्न नपाउने गरी निजलाई पायक पर्ने एक स्थानको मात्र मतदाता कायम गर्ने। यसरी मतदाता कायम गर्ने निर्वाचन अधिकृतको कार्यालयले सम्बन्धित अर्को निर्वाचन अधिकृतको कार्यालयलाई अनिवार्य रुपमा सो को जानकारी गराउने।

८. सवै निर्वाचन अधिकृतहरुले यसै निर्णयलाई आधार मानी मतदाता नामावली संकलन लगायत निर्वाचन सम्बन्धी सम्पूर्ण कामकारवाही अगाडी बढाउनें।

२०७७।५।२५

.............................

(कलानिधि पौड्याल)

प्रमुख निर्वाचन अधिकृत